# माइकोट डाँडा सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. ०८१।०८२

च.नं.

मिति : २०८१।११।१२

विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना !

(नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८१।११।१२)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना वमोजिम आ.व. ०८१।०८२ मा पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति अनुसारका रुखहरु कटान गर्दा उत्पादन भएका गोलिया काठ, दाउरा शितगंगा-९ स्थित खालीचौरमा घाटगद्दी गरी राखिएका विभिन्न जातको गोलिया थान ३४८ को १९७२.३० क्यू.फिट र साल दाउरा ४ चट्टा तथा अन्य दाउरा १ चट्टालाई (कायम गरिएको १ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलवन्दी वोलपत्र प्रकृयावाट लिलाम विकी गर्नुपर्ने भएकोले वन पैदावारमा आधारित ईच्छुक योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० वजे भित्र दाखिला गर्न हुन सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. १९९५ मिति २०८१।१०।२४ गतेको लिलाम सहमति वमोजिमको प्रथम पटक प्रकाशित सूचना अनुसार

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | आ.व. ०८१।०८२ मा पुनरुत्पादन कटान गर्दा उत्पादन भएको काठ, दाउरा | साल | A | १२ | १८३.१५ | १२५० | २२८९४३ | ४४९,८७६ | |
| | | साल | B | ३५ | ३३०.१० | ९०० | २९७०८८ | | |
| | | साल | C | १७४ | ७४९.१४ | ६०० | ४४९४८३ | | |
| | | साल | D | ४० | ८६.६८ | ३०० | २६००३ | | |
| | | वोटधाइरो | N | ५ | १६.०६ | १०० | १६०६ | | |
| | | असना | A | ६ | ८३.०८ | ४०० | ३३२३१ | | |
| | | असना | B | २३ | २५९.९५ | ३०० | ७७९८६ | | |
| | | असना | C | ४८ | २४३.०४ | १०० | २४३०४ | | |
| | | सिरिष | B | ५ | २१.१० | २०० | ४२२० | | |
| | | साल दाउरा | | | ४ | १२००० | ४८००० | | |
| | | अन्य दाउरा | | | १ | ४००० | ४००० | | |
| जम्मा | | | | | | | ११९४८६३ | ४४९,८७६ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/१२/०३ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/१२/०४ गते दिउसो ३.०० वजेसम्म ।

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु.२००० (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा.वा.वैंक, सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५१०००००३९५८००१ खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

माइकोट डाँडा अध्यक्ष

# माइकोट डाँडा सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

५. लिलाम बिक्री हुने वन पैदावार शितगंगा-९ स्थित समूहको ग्रीटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।१२।०६ गते दिनको १:०० वजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा ससूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री माईकोट डाँडा सा.व.उ.स. को काठ, दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

श्री माइकोट डाँडा सा.व.उ.स. अध्यक्ष

इति सम्वत् २०८१ साल फाल्गुन महिना १२ गते रोज ०२ मा शुभम् ..................................।